नेपाल आयल निगम लि,

हवाई इन्धन रिफ्युलिङ्ग स्टेसन भरतपुर, चितवन

**घर भाडामा लिने सम्बन्धी प्रस्ताव पेश गर्ने सूचना**

सूचना प्रकाशित मिति :- २०८३।०२।११

नेपाल आयल निगमको हवाई इन्धन रिफ्युलिङ्ग स्टेसन भरतपुर, चितवनमा कार्यरत कर्मचारीहरुको आवासीय प्रयोजनको लागि घर भाडामा लिनुपर्ने भएकोले घरभाडामा दिन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहायको शर्तहरुको अधिनमा रही लिखित शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

१. भाडामा दिन चाहेको घर भरतपुर महानगरपालिकाको विमानस्थलबाट दूई कि.मि भित्र रहेको हुनुपर्नेछ ।

२. आवास प्रयोजनको लागि प्रस्तावित घर भू-कम्प प्रतिरोधी पक्की घर (पिल्लर भएको), कम्तिमा एक परिवार बस्न मिल्ने, घरको कम्तिमा चार वटा कोठाको लागि प्रस्ताव पेश गर्नुपर्नेछ ।

३. प्रस्तावित घरको भान्सा बाहेकको कोठा कम्तिमा १२ × ११ फिटको हुनुपर्नेछ ।

४ प्रस्तावित घर निर्माण सम्पन्न भएको २५ वर्ष भन्दा बढी पुरानो हुनु हुँदैन ।

५. प्रस्ताव गरिएको घर परिसरमा कम्तिमा एक वटा हलुका चार पांग्रे सवारी साधन र कम्तिमा ४ वटा दुई पांग्रे सवारी साधन राख्न मिल्ने क्षेत्र हुनु पर्नेछ ।

६ घरमा विद्युत, पानी र ढलको पहुँच क्षेत्रमा हुनुपर्नेछ ।

७. प्रस्तावित घर, जग्गामा कुनै प्रकारको मुद्दा मामिला, किचलो तथा झमेला नभएको हुनुपर्नेछ ।

८. प्रस्तावित घर सम्म कम्तिमा १० फिट बाटोले जोडिएको हुनुपर्नेछ ।

९. प्रस्तावित घर खुल्ला, हावा तथा घामको प्रत्यक्ष पहुँच भएको, झ्याल भएको, उज्यालो कोठाहरु भएको हुनुपर्नेछ ।

१०. प्रस्तावित घर जग्गाको चारै तर्फ पार्किङ स्थायी संरचनाको घेरावेरा भएको, हलुका चार पांग्रे सवारी साधन घर कम्पाउण्डमा सहज प्रवेश गर्न सक्ने गेट भएको हुनुपर्नेछ ।

११. इच्छुक घरधनीले जग्गा दर्ता प्रमाणपत्र (लालपूर्जा), नक्सा/ट्रेस, निर्माण सम्पन्न प्रमाणपत्र, घर जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आ.ब. ०८१।०८२ को सबै प्रकारको कर (मालपोत, बाहल कर, स्थानीय कर, स्थानीय कर, आदि) तिरेको प्रमाणको प्रतिलिति पेश गर्नुपर्नेछ ।

१२. भाडा रकम सामान्यतया प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र घर धनीको बैंक खातामा जम्मा हुने गरि रकम भुक्तानी गरिनेछ र भुक्तानी रकममा प्रचलित ऐन/नियम बमोजिम अग्रिम कर कट्टी हुनेछ । कट्टी भएको कर राजश्वमा जम्मा गरि सोको प्रमाण उपलब्ध गराइनेछ ।

१३. भाडामा लगाउन चाहेको घरको प्रति महिना भाडादर सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

१४. घरभाडा करिव पाँच बर्षको लागि हुनेछ । बार्षिक रुपमा सम्झौता नविकरण हुनेछ ।

प्रस्ताव पेश गर्ने ठेगानाः नेपाल आयल निगम लिमिटेड, हवाई ईन्धन डिपो, भरतपुर चितवन ।

सम्पर्क नम्बर :- ९८४१७५३९७९